नेपाल सरकार

# स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

## (आन्तरिक प्रशासन शाखा)

पत्र संख्याः ०८२/०८३
च.नं. : ५१८

सिंहदरबार, काठमाडौं

मितिः२०८३/०१/३०
नेपाल संवत् ११४६ वछलागा एकादशी, बुधबार

**विषयः अस्पतालको जग्गाजमिन तथा भौतिक पूर्वाधारको सुरक्षा र संरक्षण गर्ने सम्बन्धमा ।**

श्री चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल, काठमाडौं।
श्री वि.पी. कोइराला स्वास्थ्य तथा विज्ञान प्रतिष्ठान, सुनसरी।
श्री पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, तथा पश्चिमाञ्चल क्षेत्रीय अस्पताल कास्की।
श्री रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान, सप्तरी।
श्री कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्ला ।
श्री राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, दाङ।
श्री नारायणी अस्पताल, विरगंज, पर्सा।
श्री राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र, किर्तिपुर
श्री भक्तपुर क्यान्सर अस्पताल, भक्तपुर ।
श्री सुशिल कोईराला प्रखर क्यान्सर अस्पताल, बाँके ।
श्री भरतपुर अस्पताल,चितवन ।
श्री वी.पी.कोईराला मेमोरियल क्यान्सर अस्पताल भरतपुर ।
श्री गजेन्द्र नारायण सिंह अस्पताल, राजबिराज, सप्तरी ।
श्री परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल, काठमाडौं ।
श्री मानसिक अस्पताल, लगनखेल, ललितपुर ।
श्री शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल,टेकु ।
श्री कान्ति बाल अस्पताल, काठमाडौं ।
श्री राष्ट्रिय ट्रमा सेन्टर, काठमाडौं ।
श्री कोशी अस्पताल, विराटनगर, मोरङ ।
श्री भेरी अस्पताल, नेपालगंज, बाँके ।
श्री आयुर्वेद चिकित्सालय, नरदेवी, काठमाडौं ।
श्री पशुपति होमियोप्याथिक चिकित्सालय, ललितपुर ।
श्री सिंहदरबार वैद्यखाना विकास समिति, काठमाडौं ।
श्री किटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र हेटौडा

प्रस्तुत विषयमा तहाँ अस्पतालको स्वामित्वमा रहेका जग्गाजमिन तथा भौतिक पूर्वाधारको सुरक्षा र संरक्षणका लागि देहाय बमोजिमका कार्यहरू तत्काल सम्पादन गरी मन्त्रालयलाई जानकारी गराउनुहुन मन्त्रालयको मिति २०८३।०१।३० गतेको निर्णयानुसार अनुरोध छ।

क) अस्पतालको स्वामित्वमा रहेको जग्गाको साँध सिमाना स्वीकृत नक्सा अनुसार भए/नभएको यकिन गर्ने तथा सो जग्गामा कुनै अनाधिकृत संरचना निर्माण वा अतिक्रमण भए/नभएको विस्तृत विवरण तयार गर्ने ।

ख) अस्पतालको स्वामित्वमा रहेका जग्गाको अतिक्रमण भएको पाइएमा सम्बन्धित व्यक्ति वा संस्थालाई निश्चित समयसीमा तोकी लिखित सूचना जारी गर्ने र सोको पालना नभएमा जिल्ला प्रशासन कार्यालय, स्थानीय तह तथा सुरक्षा निकायसँग समन्वय गरी अतिक्रमण हटाई अस्पतालको भोगाधिकार पुनः कायम गर्ने व्यवस्था मिलाउने ।

ग) अतिक्रमणमुक्त गरिएको वा खाली जग्गामा पुनः अतिक्रमण हुन नदिन कम्पाउण्ड वाल (घेराबार) वा अन्य आवश्यक सुरक्षात्मक उपायहरू अवलम्बन गर्ने तथा जग्गासम्बन्धी लालपुर्जा र स्रेस्ता अद्यावधिक गरी मालपोत तथा नापी कार्यालयबाट प्रमाणित अभिलेख सुरक्षित राख्ने ।

२०८३।०१।३०
(कौशल पाण्डे)
शाखा अधिकृत